# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत २१ गते २०३४ साल

श्री ५ को सरकार

**रक्षा मन्त्रालयको**

**सूचना**

केटा (भर्ना तथा सेवा शर्त) (पहिलो संशोधन) नियमहरू, २०३४

केटा (भर्ना तथा सेवा शर्त) नियमहरू, २०२८ लाई संशोधन गर्न वान्छनीय भएकोले, सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "केटा (भर्ना तथा सेवा शर्त) (पहिलो संशोधन) नियमहरू, २०३४" रहेको छ।

(२) यी नियमहरू २०३३ साल कार्तिक १ गतेदेखि लागू भएको मानिनेछ।

२. केटा (भर्ना तथा सेवा शर्त) नियमहरू, २०२८ को नियम ४ मा संशोधनः केटा (भर्ना तथा सेवा शर्त) नियमहरू २०२८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ४ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) भर्ना हुने वर्षको वैशाख पन्ध्र वर्षको उमेर पूरा भएको तर अठाह्र वर्ष ननाघेको,"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५२२

३. मूल नियमाबलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को सट्टा देहायको नियम ६ राखिएको छ :–

"६ केटामा भर्ना भएका व्यक्तिले पाउने तलब : केटामा भर्ना भएको व्यक्तिले प्रतिमास साठी रूपैयाँका दरले न्यूनतम तलब पाउनेछ। भर्ना भएको महीनादेखि प्रत्येक ६ छ महीनाको अवधि पूरा भएपछि चार पटकसम्म पाँच पाँच रूपैयाँका दरले त्यस्तो तलबमा वृद्धि हुनेछ र चौथो ६ महीनाको अवधि पूरा भएदेखि निजले प्रतिमास असी रूपैयाँको दरले अधिकतम तलब पाउनेछ।

तर सैन्य तालीमको अवधिमा त्यस्तो व्यक्तिले शाही नेपाली सेनाको सैन्य सरहको तलब पाउनेछ।"

४. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छ :–

"११ अवकाश : केटामा भर्ना भएको व्यक्तिले केटा तालीम वा सैन्य तालीम पास गर्न नसकेमा त्यस्तो तालीमको लागि एक वर्षको अवधि बढाइनेछ र सो अवधिभित्र पनि त्यस्तो व्यक्तिले तालीम पास गर्न नसकेमा निजलाई केटाबाट अवकाश दिइनेछ।"

५. मूल नियमावलीको नियम १३ मा संशोधन : मूल नियमावलीको नियम १३ को उप-नियम (२) पछि देहायको प्रतिवन्धात्मक वाक्यांश थपिएको छः–

"तर सैन्य तालीमको बखतमा निजले ब्लाउज ओ.जी. थान दुई, ट्राउजर ओ. जी. थान दुई, डाँग्री थान दुई, मोजा ऊनी जोर दुई, क्यानभास बूट जोर एक र जर्सि थान एकको थप सहुलियत पाउनेछ।"

६. रूपान्तर : मूल नियमावलीमा "शाही सेना" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा "शाही नेपाली सेना" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।